# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०६।०१ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

जिल्ला पर्सा जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, जगरनाथपुर शिक्षा शाखामा कार्यरत विद्यालय निरीक्षक शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा श्री मदर्सा इस्लामिया दारुल उल्लुम पाण्डेपुर पर्सामा राहत शिक्षकको रूपमा कार्यरत रहेका प्रतिवादी फिरोज आलमले कुनैपनि परीक्षाहरू नदिई दस्तुरको बहानामा रू.२,२०,०००।-जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरू प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरूले राहत शिक्षकको पदमा कार्यरत रही तलव भत्ताबापत रू.१,१८,८५०।- समेत भुक्तानी लिई खाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई राष्ट्रसेवकलाई दस्तुरको बहानामा घुस रिसवत दिइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिंदा निज फिरोज आलमउपर घुस रिसवतबापत दिएको रकम रू.२,२०,०००।- र तलव भत्तावापत बुझिलिई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.१,१८,८५०।- समेत गरी रू.३,३८,८५०।- (तीन लाख अड्तीस हजार आठ सय पचास) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रू.२,२०,०००।-(दुई लाख बीस हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी गरेको विगो रू.३,३८,८५०।- (तीन लाख अड्तीस हजार आठ सय पचास) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिइएको ।

जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाले फिरोज आलमसँग विभिन्न दस्तुरहरूको बहानामा रू.२,२०,०००।–गैरकानूनी लाभ घुस रिसवतका रकमहरू लिएर नक्कली तथा गलत कागजातहरू उपलव्ध गराई सोही गलत तथा नक्कली कागजातहरूबाट शिक्षकको रुपमा कामकाजमा लगाई वदनियतसाथ गोलमटोल रूपमा खर्चको तेरिजसमेत उपलव्ध नगराई आफूले नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कामकाजमा लगाएका प्रतिवादी फिरोज आलमले तलव भत्ता प्राप्त गर्ने गरी रू.१,१८,८५०।- नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको स-प्रमाण पुष्टि भएकोले निज प्रतिवादी **राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिन आएकोले निजउपर घुस/रिसवतबापत लिएको रकम रू.२,२०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.१,१८,८५०।- समेत गरी विगो रू.३,३८,८५०।- (तीन लाख अड्तीस हजार आठ सय पचास) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रू.२,२०,०००।(दुई लाख बीस हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल

सरकारलाई हानिनोक्सानी पुगेको विगो रू.१,१८,८५०।—(एक लाख अठार हजार आठ सय पचास) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदावी लिइएको।

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सेढवा विर्ता, पर्साका भुतपूर्व प्रधानाध्यापक महेश प्रसाद यादवले राष्ट्रसेवक कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको देखिई निज प्रतिवादी महेश प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी महेश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम रू.१,१८,८५०।(एक लाख अठार हजार आठ सय पचास) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**